मा.प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः
चलानी नम्बरः

## २२ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८२ को अवसरमा शुभकामना !

### "धान बालीमा सघनता : खाद्य सुरक्षा र आत्मनिर्भरता"

बागमती प्रदेश सरकारका तर्फबाट **"कृषि रूपान्तरणको आधारः प्रविधि र पूर्वाधार"** भन्ने नाराका साथ सम्पूर्ण कृषक दाजुभाइ तथा दिदीबहिनीहरू, विज्ञ, नीति निर्माता, सञ्चारकर्मी र सरोकारवालाहरूप्रति २२ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८२ को हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हालैको तथ्याङ्क अनुसार, चालु वर्षमा १४ लाख २० हजार हेक्टर क्षेत्रफलमा रोपाइँ भई ५९.५५ लाख मेट्रिक टन धान उत्पादन भएको छ, जसको औसत उत्पादकत्व ४.१९ मेट्रिक टन प्रति हेक्टर रहेको छ ।

गत वर्षको तुलनामा ४.०४ प्रतिशतले उत्पादन वृद्धि भएको यो तथ्यले कृषकहरूको अथक श्रम र आधुनिक प्रविधिको प्रभावलाई पुष्टि गर्छ। यद्यपि, अझै पनि वार्षिक झण्डै १० लाख मेट्रिक टन धान आयात भइरहेको अवस्थाले हामीलाई आत्मनिर्भरताको लक्ष्यतर्फ अझ सजग र संगठित हुन आवश्यक रहेको देखाउँछ ।

सरकारले आगामी दुई वर्षभित्र मुलुकलाई धानमा आत्मनिर्भर बनाउने स्पष्ट योजना सार्वजनिक गरिसकेको छ । यसका लागि तीनै तहका सरकार, कृषक, अनुसन्धान संस्था र निजी क्षेत्रबीच सहकार्य अपरिहार्य रहनेछ ।

यस अवसरमा धान बालीको वैज्ञानिक प्रवर्द्धन, जलवायु अनुकूल प्रविधिको प्रयोग, कृषकहरूको जीवनस्तर उकास्ने प्रयास र खाद्य सुरक्षाको बलियो जग निर्माणका लागि सबैमा सक्रिय सहकार्य र योगदानको अपिल गर्दछु ।

**२०८२ असार १५ गते ।**

माननीय प्रकाश श्रेष्ठ

**माननीय प्रकाश श्रेष्ठ**
**मन्त्री**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**बागमती प्रदेश सरकार**

सम्पर्क नं. :९८५१०६६६२७, E-mail: prakash66627@gmail.com, Website : http://molmac.bagmati.gov.np